# इ. अ. सं. केन्द्रिकृत भर्ना अनुगमन समिति - २०७५

## भर्ना सञ्चालन कार्यविधि

१. सम्बन्धित क्याम्पस/कलेजहरुले सबै आवेदन तथा भर्ना सूचीहरु सहितको भर्ना सम्बन्धि पूर्ण विवरण क्याम्पस/कलेजको भर्ना Online Portal बाट उपलब्ध गराउनु पर्नेछ।

२. इ. अ. स. को शैक्षिक बर्ष २०७५/७६ को BE/BArch भर्ना कार्यक्रमका लागि सवै क्याम्पस/कलेजहरुले Admission Priority Application फारम Online Portal मार्फत भर्ने ब्यबस्था मिलाउनु पर्नेछ। उक्त Online Portal केन्द्रिय भर्ना Portal मा link राख्नु पर्ने हुनाले सबै क्याम्पस-कलेजहरुले मिति २०७५-०५-०४ गते सम्म केन्द्रिय भर्ना अनुगमन समितिलाई जानकारी गराई केन्द्रिय भर्ना Portal मा link राख्नु पर्नेछ।

३. विद्यार्थीहरुले जुन क्याम्पस/कलेजमा अध्ययन गर्न चाहेको हो सोहि क्याम्पस/कलेजको Online Portal मार्फत प्राथमिकता सहितको छुटा-छुट्टै आवेदन दिनु पर्नेछ।

| प्रथम भर्ना कार्यक्रम र समय तालिका | |
|---|---|
| प्रथम, दोस्रो तथा तेस्रो भर्ना सूची (First, Second and Third Admission List) प्रकाशनका लागि आवेदन खोल्ने । | २०७५-०५-०५ गते बिहान १०:०० बजे देखि २०७५-०५-०८ गते साँझ ५:०० बजे सम्म। |
| आवेदकले प्राथमिकता संशोधन गर्न सक्ने, BArch झुकाव परीक्षा लिने, प्रथम भर्ना सूची प्रकाशन गर्ने र आवेदन सूची सहित प्रथम भर्ना सूची केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-०९, १०, ११ र १२ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| प्रथम भर्ना सूची उपर दाबी विरोध गर्ने । | २०७५-०५-१३ गते १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित प्रथम भर्ना सूची प्रकाशित गरी केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-१३ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| प्रथम भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७५-०५-१४, १५, १६, १७ र १८ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **दोस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| दोस्रो भर्ना सूची प्रकाशनको लागि आवेदकहरुको सूची सम्बन्धित क्याम्पस/कलेजहरुले केन्द्रिय भर्ना Portal बाट Download गर्ने । | २०७५-०५-१८ गते साँझ ६:०० बजे पछि। |
| दोस्रो भर्ना सूची प्रकाशन गर्ने र केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-२० गते बिहान १०:०० बजे भित्र। |
| दोस्रो भर्ना सूची उपर दाबी विरोध गर्ने । | २०७५-०५-२० गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |

| | |
|---|---|
| संशोधित दोस्रो भर्ना सूची प्रकाशित गरी केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-२० गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| दोस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७५-०५-२१ र २२ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| **तेस्रो भर्ना कार्यक्रम र समय तालिका** | |
| क्याम्पस/कलेजहरुले आवश्यकता अनुसार तेस्रो भर्ना सूचीका लागि नयाँ आवेदन थप गर्न सक्ने, प्राथमिकताक्रम परिवर्तन गर्न सक्ने, BArch झुकाव परीक्षा लिने र आवेदन सूची अद्यावधिक गरी तेस्रो भर्ना सूची प्रकाशन गर्ने। यसरी थप आवेदन लिने वा प्राथमिकताक्रम परिवर्तन गर्ने भए सो को जानकारी क्याम्पस भर्ना कार्यक्रममा समावेश गरी विद्यार्थीलाई पहिले नै जानकारी दिनु पर्नेछ। | २०७५-०५-२३ र २४ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| आवेदन सूची सहित तेस्रो भर्ना सूची केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-२५ गते बिहान १०:० बजे भित्र। |
| तेस्रो भर्ना सूची उपर दाबी विरोध गर्ने । | २०७५-०५-२५ गते बिहान १०:०० बजे देखि दिउँसो २:०० बजे सम्म। |
| संशोधित तेस्रो भर्ना सूची प्रकाशित गरी केन्द्रिय भर्ना Portal मा Upload गर्ने । | २०७५-०५-२५ गते दिउँसो २:०० बजे देखि साँझ ५:०० बजे सम्म। |
| तेस्रो भर्ना सूचीबाट विद्यार्थी भर्ना गर्ने । | २०७४-०५-२६ र २७ गते बिहान १०:०० बजे देखि साँझ ५:०० बजे सम्म। |

४. सबै क्याम्पस/कलेजहरुले प्रथम, दोस्रो र तेस्रो सूची लगायत पछिल्ला भर्ना सूचीहरु Entrance Rank को योग्यताक्रम (Merit Basis) अनुसारनै प्रकाशित गरी इ. अ. स. ले उपलब्ध गराएको केन्द्रिय भर्ना Portal बाटै भर्ना गर्नु पर्नेछ।

५. कुनै पनि विद्यार्थीले कुनै क्याम्पस/कलेजको एक कार्यक्रममा भर्ना भइसकेपछि सम्बन्धित क्याम्पस/कलेजबाट भर्ना भएको विवरण (केन्द्रिय भर्ना Portal को Confirmation Page) लिनु पर्नेछ र केन्द्रिय भर्ना Portal (admission.ioe.edu.np) बाट एकिन (Verify) गर्नु पर्नेछ। केन्द्रिय भर्ना Portal मा आफ्नो भर्ना विवरण एकिन नभएको खण्डमा उक्त विद्यार्थी भर्ना भएको मानिने छैन।

६. ६.१ कुनै विद्यार्थीले एउटा क्याम्पस/कलेजमा भर्ना भइसकेको भएता पनि अन्य क्याम्पस/कलेजमा जान चाहेमा उक्त भर्ना सूचीको म्याद सकिनु अगावै केन्द्रिय भर्ना Portal (admission.ioe.edu.np) मा Login गरी अन्य क्याम्पस/कलेजमा जान चाहेको भनि Switching Interest Confirm गर्नु पर्नेछ। यसरी Switching Interest Confirm नगरेको खण्डमा एक क्याम्पस/कलेजमा भर्ना भइसकेको विद्यार्थीको नाम अन्य क्याम्पस/कलेजको पछिल्ला भर्ना सूचीमा निस्कने छैन। (जस्तै राम भन्ने विद्यार्थीले A नाम गरेको क्याम्पस/कलेजमा नाम निस्केर भर्ना भएता पनि यदि रामलाई B नाम गरेको अर्को क्याम्पस/कलेजको पछिल्ला

भर्ना सूचीमा आफ्नो नाम निकालेर भर्ना हुन जान मन छ भने रामले केन्द्रिय भर्ना Portal मा Login गरी Switching Interest Confirm गर्नु पर्ने छ। तर यदि रामलाई अर्को क्याम्पस/कलेजमा जानु छैन र A नाम गरेकै क्याम्पस/कलेजमा पढ्नेहो भने रामले केन्द्रिय भर्ना Portal मा Login गरी Switching Interest Confirm गर्नु पर्ने छैन।)

६.२ हरेक सूचीमा प्रत्येक भर्ना पश्चात् ६.१ अनुरुपनै एउटा क्याम्पस/कलेजमा भर्ना भइसकेको भएता पनि अन्य क्याम्पस/कलेजमा जान चाहेमा सोही भर्ना सूचीको म्याद सकिनु अगावै Switching Interest Confirm गर्नु पर्नेछ।

६.३ तर एक क्याम्पस/कलेजको कुनै एक कार्यक्रममा भर्ना भएको र सोहि क्याम्पस/कलेजको अर्को कार्यक्रममा जान चाहेमा Switching Interest Confirm गर्नु पर्दैन। (जस्तै राम भन्ने विद्यार्थीले A नाम गरेको क्याम्पस/कलेजको Civil Engineering कार्यक्रममा नाम निस्केर भर्ना भएता पनि यदि पछि रामको नाम सोहि क्याम्पस/कलेजको Computer Engineering कार्यक्रममा निस्केर रामलाई उक्त क्याम्पस/कलेजको Civil Engineering कार्यक्रमबाट Computer Engineering कार्यक्रममा Shift गर्न परेमा भने Switching Interest Confirm गर्नु पर्ने छैन। एउटै क्याम्पस/कलेज भित्र कार्यक्रम परिवर्तन गर्ने कार्य योग्यताक्रमको आधारमा क्याम्पस/कलेज भर्ना समितिले गर्न सक्नेछ।)

६.४ विद्यार्थीले एउटा क्याम्पस/कलेजमा भर्ना भइसकेपछि Switching Interest Confirm गरी अर्को क्याम्पस/कलेजमा नाम निस्केको खण्डमा उक्त क्याम्पस/कलेजमा भर्ना हुन पहिले भर्ना भएको क्याम्पस/कलेजमा भर्ना रद्द गरेपछि मात्र अर्को क्याम्पस/कलेजमा जान सकिनेछ।

७. आवेदन दिएका तर अघिल्ला भर्ना सूचीमा पर्न नसकेका साथै अन्य क्याम्पस/कलेजमा जान चाहेको भनि Switching Interest Confirm गरेका विद्यार्थीहरुको सूची सम्बन्धित क्याम्पस/कलेजहरुले माथि उल्लेखित गरिएको समय तालिका अनुसार क्याम्पस/कलेज Login Portal बाट Download गरी पछिल्ला भर्ना सूचीहरुमा अद्यावधिक गर्नु पर्नेछ।

८. आङ्गिक क्याम्पसहरुको हकमा विदेशी विद्यार्थीहरुको भर्ना तथा विभिन्न आरक्षित कोटामा गरीने भर्ना सम्बन्धमा इ. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी पुस्तिका-२०७५ मा उल्लेख भए अनुसार हुनेछ।

९. सबै क्याम्पस/कलेजहरुले आफ्ना विद्यार्थीहरुको भर्ना रद्द र कार्यक्रम परिवर्तन गर्ने कार्य केन्द्रिय भर्नाको क्याम्पस/कलेज Login Portal बाटै गर्नु पर्नेछ।

१०. सबै क्याम्पस/कलेजहरुमा भर्ना रद्द गर्ने सम्वन्धी ब्यबस्था ई. अ. स. को BE/BArch तहको प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धि जानकारी पुस्तिका- २०७५ मा उल्लेख भए बमोजिम हुनेछ।

११. आवेदन सूची, भर्ना सूची लगायत भर्ना सम्बन्धमा कुनै गुनासो भएमा आवेदकहरुले सम्वन्धित क्याम्पस/कलेजमा गुनासो राख्नेछन्। उक्त गुनासोको सम्वन्धित क्याम्पस/कलेजबाट मनासिव सुनुवाइ नभएको ठानेमा आवेदकहरुले इ. अ. स. केन्द्रिय भर्ना अनुगमन समितिमा निवेदन दिन सक्नेछन्; उक्त गुनासो भर्ना अनुगमन समितिको ईमेलः admission@ioe.edu.np मा पनि प्रमाण सहित पठाउन सकिनेछ।

१२. २०७५ कार्तिक २७ गते साँझ ५:०० बजे सम्म भर्ना भइसकेका विद्यार्थीहरुको Unique IOE Roll Number २०७५ कार्तिक २८ गते उपलब्ध गराइनेछ। तत्पश्चात् रिक्त रहेका स्थानहरुमा भर्ना लिन सकिनेछ तर भर्ना भइ Unique IOE Roll Number प्राप्त गरिसकेका विद्यार्थीहरुले उक्त क्याम्पस/कलेज मा कार्यक्रम परिवर्तन गर्न पाइने छैन।

१३. कक्षा सञ्चालन भएपछि कारणवश रिक्त रहेका स्थानहरुमा सम्बन्धित क्याम्पस/कलेजहरुले भर्ना कार्यक्रम प्रकाशित गरी मिति २०७५-०८-१७ गते भित्र नयाँ भर्ना गर्न सक्नेछन्। यसरी भर्ना भएका विद्यार्थीहरुको Unique IOE Roll Number २०७५ मंसीर १८ गते उपलब्ध गराइनेछ। २०७५ मंसिर १८ गते देखि सबै क्याम्पस/कलेजहरुले आफ्ना कार्यक्रमहरुमा भर्ना भएका विद्यार्थीहरुको रोल नम्बर (Unique IOE Roll Number) केन्द्रिय भर्ना Portal बाट Download गरी लिन सकिने छ।

१४. केन्द्रिकृत भर्ना अनुगमन समितिले मिति २०७५ मंसिर २० गते सबै क्याम्पस/कलेजहरुमा भर्ना भएका विद्यार्थीहरुको विवरण (Unique IOE Roll Number सहित) इ. अ. स. डीन कार्यालयलाई बुझाउनु पर्नेछ र उक्त विवरणनै त्यस बर्षको अन्तिम भर्ना विवरण हुनेछ।

१५. सबै सम्बन्धन प्राप्त कलेजहरुले आफ्ना भर्ना भएका विद्यार्थीहरुको Certificate Verification को विवरण मिति २०७५ मंसिर ३० गते भित्र इ. अ. स. डीन कार्यालयमा बुझाइ सक्नु पर्नेछ।

***